दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ६१ | बुटवल | २०८२ फागुन १२ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday February 24, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं**

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ। ।

मतदान बिहान ७:०० बजेदेखि साँझ ५:०० बजेसम्म हुनेछ।

निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।

निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**


# शिक्षक–कर्मचारीले चुनावी प्रचारप्रसार गरे कारबाही




**लुम्बिनी संवाददाता**

*बुटवल*

निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउन आचारसंहिता कडाइका साथ पालना गर्न आग्रह गरेको छ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले विज्ञप्ति जारी गर्दै शैक्षिक संस्थासँग सम्बद्ध प्राध्यापक, शिक्षक तथा कर्मचारीलाई कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा चुनावी प्रचारप्रसारमा संलग्न नहुन निर्देशन दिएको हो ।

आचारसंहिताको पूर्ण पालना गर्नु सरोकारवाला पक्षहरूको दायित्व रहेको र सबै राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित पक्षहरूले निर्वाचन आचारसंहिताको पूर्ण पालना भए नभएको विषयमा आयोगले अनुगमन गरिरहेको भन्दै केही प्राध्यापक, शिक्षक तथा कर्मचारी राजनीतिक दल तथा उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न भएको भनी आयोगमा उजुरी तथा गुनासो समेत प्राप्त भएको उल्लेख छ।

विज्ञप्ति भनिएको छ-'शिक्षा ऐन, २०२८ को दफा १६७. को उपदफा (५) को खण्ड (छ) मा शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने व्यवस्था रहेको छ । निर्वाचन आचारसंहिता, २०८२ को दफा १० को खण्ड (क) मा विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने र ऐ. दफाको खण्ड (ग) बमोजिम कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सवारीसाधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन, कार्यक्रम वा सभा वा सम्मेलन गर्न वा प्रचारप्रसार गर्न नहुने स्पष्ट व्यवस्था रहेको छ।'

आचारसंहिताको व्यवस्था प्रतिकूल हुने गरी निर्वाचन प्रचारप्रसार गतिविधिमा सामेल भएको पाइएमा ऐ. आचारसंहिताको दफा ४८ बमोजिम कारबाही गर्ने चेतावनी दिएको छ।

**रोकिएन बालबालिकाको प्रयोग**

कानुनतः चुनावी प्रचारमा बालबालिकाको प्रयोग गर्न पाइँदैन। तर, निर्वाचन आयोगमा राजनीतिक दल वा उम्मेदवारले आफ्नो झण्डा वा निर्वाचन चिह्न बोक्ने कार्यमा बालबालिकाको प्रयोग गरिरहेको उजुरी परिरहेको छ।

यसका साथै सांस्कृतिक कार्यक्रममा, ऱ्यालीमा, अमुक दल वा उम्मेदवारविरुद्धका गतिविधिमा, झण्डा वा निर्वाचन चिह्न अंकित भेस्ट-टिसर्ट-लोगो जस्ता चिजहरू प्रदर्शन गर्ने कार्यमा बालबालिकालाई सहभागी गराइएको छ। यससम्बन्धी उजुरी तथा गुनासो प्राप्त भएको निर्वाचन आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

उनका अनुसार विद्यालय समयमा विद्यालय नजिकै राजनीतिक दल वा उम्मेदवारका चुनावी गतिविधिसम्बन्धी कार्यक्रम आयोजना गरी शैक्षिक कार्यमा अवरोध सिर्जना भएका विषयहरूमा समेत उजुरी तथा गुनासो निर्वाचन आयोगमा प्राप्त भएका छन्।

यस्तो उजुरी आएपछि आयोगले विज्ञप्ति निकालेर निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग नगर्न सबै पक्षलाई सचेत गराएको छ।

नेपालको संविधानको धारा ३९ ले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन-पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने व्यवस्था गरेको छ।

बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ३ को उपदफा (२) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरणलगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नेछन् भन्ने व्यवस्था छ।

निर्वाचन आचारसंहिता २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ट) मा 'निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने व्यवस्था छ।

यस्तो अवस्थामा निर्वाचन आचारसंहिताको उल्लंघनमा आयोगले एक लाख रूपैयाँसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्दसम्मको कारबाही गर्न सक्ने व्यवस्था छ।

यी व्यवस्था स्मरण गराउँदै आयोगले भनेको छ-'कुनै पनि राजनीतिक गतिविधि र निर्वाचन प्रचारप्रसारका कार्य गर्दा बालबालिकाको कुनै पनि किसिमबाट प्रयोग नगर्न-नगराउन तथा बालबालिकाको अध्ययन अध्यापनमा असर पार्ने कार्य नगर्न-नगराउन समेत सबै राजनीतिक दल, उम्मेदवार र मतदाताहरूलाई आयोग आग्रह गर्दछ।

## जेनजी २.० द्वारा रूपन्देही–२ मा विष्णुलाई समर्थन


बुटवल । प्रतिनिधिसभा विर्नाचनमा जेनजी २.० समूहले रूपन्देही क्षेत्र नम्बर २ का उम्मेदवार एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई समर्थन गर्ने भएको छ। जेनजी २.० का प्रवक्ता अविन लिम्बुले कुनै राजनीतिक दलभन्दा पनि उम्मेदवाहरूको पृष्ठभूमि र उनीहरूको जनाधारका आधारमा समर्थन र सहयोग गर्ने बताए।

एमाले उम्मेदवार पौडेलले रूपन्देहीमा भौतिक विकास तथा पूर्वाधारको क्षेत्रमा गरेका कामको मूल्याङ्कन तथा सफल अर्थमन्त्री भएकाले समर्थन जनाएको उनले बताए। सोमबार बुटवलमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै लिम्बुले सर्लाहीमा नेपाली काँग्रेसका उम्मेदवार गगन थापालाई समर्थ गरेजस्तै रूपन्देहीमा पौडेललाई समर्थन गरिएको उल्लेख गरे । यसैगरी चितवनमा पूर्व मेयर रेणु दाहाललाई जेनजी २.० ले समर्थन गर्ने उनले जानकारी दिए।

जेनजी समूहले रूपन्देहीमा समेत मत सर्वेक्षण तथा उम्मेदवारहरूको पृष्ठभूमि र उनीहरूले गरेका कामका बारेमा मूल्याङ्कन गरिएको बताउँदै उनले राम्रो काम गर्ने जुनसुकै दलका उम्मेदवारलाई जेनजी युवाहरू सहयोग गर्न तयार रहेको स्पष्ट पारे । पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाको पक्षमा सामाजिक सञ्जालहरूमा जति चर्चा भए पनि मतदानमा उक्त अवस्था नरहने उनको विश्लेषण छ।

उनले राजनीतिक विचारभन्दा पनि उम्मेदवारको योग्यता क्षमताका आधारमा जेनजीहरूले साथ दिने उल्लेख गरे।

## प्रत्येक मतदान केन्द्रमा ३० जना युथ फोर्स : ओली



बुटवल। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीद्वारा गठित 'नेशनल भोलेन्टियर्स फोर्स' ले देशका संवैधानिक र राज्यका महत्वपूर्ण संरचनामाथि हुने सम्भावित आक्रमण रोक्ने बताएका छन्।

झापाको दमकमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले राज्यका संरचना जोगाउन संगठित युवा शक्तिको परिचालन आवश्यक रहेको धारणा राखे।

विगतका विभिन्न आन्दोलनका क्रममा सरकारी संरचनामाथि भएका तोडफोड र आगजनीका घटनाबाट पाठ सिक्दै यो फोर्स गठन गरिएको स्पष्ट पारे।

'विगतमा युवाशक्ति व्यवस्थित नहुँदा राज्यका संरचनामा ठुलो क्षति पुग्यो, अब त्यस्तो अवस्था दोहोरिन दिइने छैन,' अध्यक्ष ओलीले भने-'देशका संस्थाहरूमाथि हुने आक्रमण अब कुनै पनि हालतमा स्वीकार्य हुँदैन।'

उनले आगामी निर्वाचनलाई निष्पक्ष र सुरक्षित बनाउन एमालेले विशेष सुरक्षा रणनीति अपनाउने अध्यक्ष ओलीले बताए। उनले निर्वाचनका दिन देशभरका प्रत्येक मतदान केन्द्रमा कम्तीमा ३० जनाका दरले 'नेशनल युथ फोर्स' का स्वयंसेवक खटाइने बताए।

ओलीले आफूलाई सरकारबाट हटाएपछि देश ड्राइभरबिनाको गाडीजस्तो भएको बताएका छन्। झापामा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै देश उठ्नको लागि आफू सरकारमा आउनुपर्ने बताए।

उनले रास्वपाका वरिष्ठ नेता बालेन शाहलाई लक्षित गर्दै भने-'म सुन्छु प्रधानमन्त्रीको उम्मेदवार भन्ने। तपाईंहरूले बच्चा बच्चीलाई के हुने भनेर सोध्नुभयो भने उसले प्रधानमन्त्री पनि भन्न सक्छ। राष्ट्रपति पनि भन्न सक्छ। तर भइहाल्ने त होइन नि। उसले आफैंले आफैंलाई बन्ने भनेर घोषणा गरिदिन्छ।'

उनले प्रधानमन्त्री बन्ने भन्ने कुरा ख्याल ख्याल जस्तो लागेको टिप्पणी गरे। उनले आफू स्पष्ट योजना र गन्तव्यसहित अघि बढेको जिकिर गरे।

## एजेन्डाबिना भ्रम छर्नेलाई जनताले भोट दिन्नन् : भुसाल

बुटवल । नेपाली कांग्रेसकी उप-सभापति पुष्पा भुसालले एजेन्डा नै नभएका र भ्रम छरेर जनमत बटुल्न खोज्ने शक्तिलाई यस पटक जनताले भोट नदिने दाबी गरेकी छन्। सोमबार ललितपुरको गोदावरी नगरपालिकामा आयोजित चुनावी कार्यक्रमलाई सम्बोधन गर्दै उप-सभापति भुसालले रास्वपालाई लक्षित गरेर यस्तो बताएकी हुन्।

बिना एजेन्डा केवल भ्रम छर्न केही शक्ति चुनावमा आएका छन्,' उप-सभापति भुसालले भनिन्-'त्यस्ता शक्तिलाई जनताले चिनिसकेका छन्। केवल भ्रम छर्न मात्रै चुनावमा आउनेहरूलाई जनताले यस पटक मत दिँदैनन्।'

कांग्रेस पूर्णरूपमा बदलिएर नयाँ परिवेशका लागि तयार भएर आएको भुसालले दाबी गरिन्। 'यो देशको नेतृत्व अब पार्टी सभापति गगनकुमार थापाले गर्नुहुन्छ। विशेष महाधिवेशनले दिएको नयाँ ऊर्जाका साथ कांग्रेस आएको छ।'-उपसभापति भुसालले भनिन्।

राष्ट्रको समृद्धिको स्पष्ट मार्गचित्र कांग्रेसको घोषणापत्रमा उल्लेख गरिएको पनि उनले बताइन्। राष्ट्रको मुहार फेर्ने संकल्प कांग्रेसले लिएको बताउँदै उपसभापति भुसालले कांग्रेसलाई देशको सबैभन्दा ठुलो पार्टी बनाउन जनतासँग आग्रह गरिन्।

अर्को प्रसंगमा उनले ललितपुर-१ मा उम्मेदवार रहेका कांग्रेस सहमहामन्त्री उदय शमशेर राणा इमानदार र क्षमतावान् नेता भएको बताउँदै भुसालले कुनै दाग नलागेको र भ्रष्टाचार विरोधी नेतालाई जिताएर पठाउन आग्रह गरिन्।

## रास्वपामा वैचारिक स्पष्टता छैन : उपेन्द्र



**मोहम्मद हबिब**

*भैरहवा*

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशी जनताको अधिकारको लडाइँ हुँदा बालेन्द्र शाह (बालेन) कहाँ थिए भन्दै प्रश्न गरेका छन्। उनले मधेशको मुद्दामा बालेनको कुनै धारणा नरहेको बताए।

जसपा नेपाल रूपन्देहीले सोमबार भैरहवामा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष यादवले यस्तो बताएका हुन् । 'राष्ट्रिय राजनीतिमा पनि रास्वपा र बालेनको कुनै धारणा सुनिंदैन । वैचारिक स्पष्टता छैन, दर्शन के हो थाहा छैन, मुद्दा के हो थाहा छैन।'- उनले भने।

मधेशको मुद्दा बोक्ने, आदिवासी जनजाति, महिला, उत्पीडित वर्ग, महिला र राष्ट्रिय समस्यालाई बोक्ने पार्टी जसपा नेपाल नै उनले दाबी गरे।

'मधेशका जनताले तीनलाई राम्रोसँग बुझेका छन् । त्यसैले घण्टी हल्लाउँदैमा हल्लिनेवाला छैन । अलिकति सोसल मिडियाहरूमा अलि बढी घण्टी बज्या जस्तो छ। तर, यथार्थ ग्राउन्ड रियालिटी त्यस्तो देखिँदैन।'- अध्यक्ष यादवले भने।

मधेशको समस्या, आदिवासी जनजाति, दलित, अल्पसंख्यको मुस्लिम, दलित, थारू, पिछडा वर्गको समस्या आज राष्ट्रिय समस्याहरू भएको उनले बताए। यसलाई समाधान गरे मात्र राष्ट्रिय एकता र विकासको गति अगाडि बढ्छ भन्ने आफूहरूको मान्यता रहेको उनले जनाए।

पूर्वउपप्रधानमनी समेत रहेका यादवले विगत ३५ वर्ष कांग्रेस-कम्युनिस्टको नेतृत्वमा बनेका सरकारले सरकारले कृषि, शिक्षा, स्वास्थ्य, उद्योगलगायतमा कुनै सुधार गर्न नसकेको बताए।

उनले यी दुई पार्टीले अर्काको पार्टी फुटाउने काम गरेको आरोप लगाए। उनले संविधान त्रुटिपूर्ण भएको समयक्रमसँगै प्रमाणित भएकोले संविधान संशोधन अपरिहार्य रहेकोमा जोड दिए।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# विध्वंशमा संलग्नलाई उन्मुक्ति नदेऊ

भदौ २३ र २४ गते विध्वंश गरेको अभियोगमा पक्राउ परेकालाई धमाधम उन्मुक्ति दिने सरकारी तयारी निन्दनीय छ। सरकारका यस्ता क्रियाकलापले मुलुकमा अराजकतालाई बढाउने छ। मुलुकमा कानुनी शासनको बहाली गर्न विध्वंशमा सहभागीलाई कानुनअनुसार कारबाहीको दायरामा ल्याउनु अनिवार्य छ। कानुनअनुसार कारबाहीको दायरामा ल्याउनुपर्ने व्यक्तिलाई उन्मुक्ति दिने निर्णयले मुलुकमा कानुनविहीनताको अवस्था श्रृजना गर्नेछ।

जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले २४ भदौको प्रदर्शनका क्रममा सिंहदरबारमा आगजनी गरेको आरोपमा २२ माघमा पक्राउ परेका महेन्द्र गौतमलाई उन्मुक्ति दिने निर्णयले अरू पक्राउ परेका व्यक्तिलाई पनि उन्मुक्ति दिने बाटो खोलेको छ। कार्यालयले गौतमविरुद्ध मुद्दा दायर गर्ने आधार र कारण नभएको भन्दै मुद्दा नचलाउने निर्णय गरेको हो। उक्त निर्णय सदरमा लागि उच्च सरकारी वकिल कार्यालय पाटनमा पठाएको छ। जसले सिंहदरबार जलाएको भनेर सामाजिक सञ्जालमा भिडिओ अपलोड गरे, उनैलाई उन्मुक्तिको निर्णय गर्नुले यो सरकार कसको हो ? कहाँबाट सञ्चालित छ। उनले सिंहदरबरमा आगजनी गरेर फर्किएको भन्दै भिडियो बनाएको र त्यही भिडियोकै आधारमा प्रहरीले पक्राउ गरेर अनुसन्धान अघि बढाएको थियो। उनले भिडिओमा भनेका थिए-'सिंहदरबारको गेट तोडेरभित्र पसेर गृह मन्त्रालयदेखि सबै कार्यालयमा आगो लगाई भ्याइसक्यौं।' उनीमाथि आपराधिक उपद्रव कसुरमा जिल्ला अदालत काठमाडौंबाट म्याद थप समेत गरिएको थियो। जिल्ला सरकारी वकील कार्यालय काठमाडौंका अधिकारीहरूले मुद्दा चलाउनका लागि प्रमाण नपुगेका भन्दै सदरका लागि उच्च सरकारी वकील कार्यालय पठाएको बताएका छन्। अब उच्च हुँदै महान्यायाधिवक्ता कार्यालयबाट सदर भएमा निर्णय लागु हुन्छ।

जिल्ला सरकारी वकिलको कार्यालयले आफ्नै विवेकले भन्दा राजनैतिक दबाबमै यस्तो निर्णय अघि बढेको आँकलन गर्न सकिन्छ। प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्याल सुरुदेखि नै विध्वंशमा संलग्नलाई कानुनी दायरामा ल्याउन आनाकानी गर्दै आएका थिए। जब विध्वंशमा संलग्नलाई कारबाहीको दायरामा ल्याउनुपर्छ भन्ने दबाब पर्‍यो केही व्यक्ति पक्राउ परे।

एकातिर न्यायिक आयोगको म्याद थप्दै प्रतिवेदन बुझ्न ढिलाइ गर्ने अर्कोतिर पक्राउ परेका व्यक्तिलाई धमाधम उन्मुक्ति दिने निर्णय गर्दै जाँदा मुलुकमा अराजकता बढ्दा समाज झनै असुरक्षित हुन्छ भन्ने हेक्का नराख्नु सरकारको कमजोरी हो। विध्वंशमा सहभागी जो कोही भए पनि कारबाही हुनुपर्छ। सरकार भएको अनुभूति नागरिकलाई दिने हो भने सुक्ष्म अनुसन्धान गरी पक्राउ परेका व्यक्तिहरूलाई प्रमाणले भेटेसम्म उम्काउनु हुन्न। मुद्दा नचलाई उन्मुक्ति दिनुहुन्न।

# जनता र उपभोक्ता ठग्ने खाद्यबस्तु मिसावटको आक्रान्त !



एच.के. श्रेष्ठ



*बजारबाट त्यस्ता गुणस्तरीय घ्यूलाई जिल्ला अनुगमन समितिद्वारा खाद्य प्रविधि हेर्ने क्षेत्रीय कार्यालयको सहयोगमा हटाइनु पर्ने हो। त्यस्तै आम उपभोक्ताको स्वास्थ्य र सम्पत्तिको रक्षार्थ अनुगमनलाई तीव्र पारी पिठो मिसाइएको खोवाको मिठाइ, आल्मुनियमको तपक चढाएको बर्फी, खाद्य रंग नै भए पनि अधिक रंग प्रयोग गरिएको मिठाइलगायत टेक्सटायल फेक्टीमा प्रयोगमा ल्याइने हाइड्रो रसायन जुन रसवरीको चिनीको चास्नी सफा गर्ने काममा ल्याइन्छ, जस्ता कामहरूलाई निरन्तर बन्देज लगाइनु पर्दछ। यस्ता अखाद्य तथा शरीर स्वास्थ्यलाई हानी नोक्सानी हुने खाद्यबस्तुलाई सरकारका संयन्त्र निकायहरूले चाहेमा नियन्त्रण गर्न सक्दछ, तर फेरि पनि किन नगरेको ?*

जनता तथा समाज अहिले केमा ठगिन्छन् भन्दा पनि के बाँकी छ नठगिने भन्ने अवस्था आएको छ। जनता तथा उपभोक्ता मारमा नपरेको क्षेत्र के छ बाँकी भएको भन्ने प्रश्न सहज भइसक्यो।

कृषि प्रधान मुलुकको वर्तमान अवस्थामा विशेष गरेर आम उपभोक्ताको जीउने आधार र भरोसा ९९ प्रतिशत कृषिजन्य उत्पादकत्वमा निहित रहन्छ। यसमा देखिदैं आएको असीमित विकृति विसंगतिले जनताको स्वास्थ्य, सम्पति, जीउ र ज्यानमा घात गर्दै नेपाली समाजको आर्थिक र सामाजिक क्षेत्रलाई अवनतितर्फ धकेलिरहेको सचेत उपभोक्तालाई राम्ररी थाहा छ। सरकारले समेत पनि बुझेर बुझ पचाएको हुनुपर्दछ।

कमसल उपभोग्य बस्तुको लगातार व्यापार व्यवसाय बढिरहनु, लगातार उपभोक्ताको जीवन रेखासँग खेलवाड गरिरहनु तथा त्यस्ता अनुचित क्रियाकलापलाई न्यूनीकरण तथा नियन्त्रण गर्नेतर्फ सरकारले ठोस धारणा बनउन सकेको छैन। तसर्थ उपभोक्ताले भयावह परिस्थितिको सामना गरिरहनुपर्ने बाध्यकारी परिस्थिति छ। जसले नेपाल र नेपालीको आर्थिक र सामाजिक क्षेत्रको भविष्य डामाडोल देखिन्छ।

राज्यद्वारा आमजनताको हित सुरक्षाको संरक्षण गर्नको निम्ति प्रतिपादित ऐन, नियम तथा निर्देशिकाले खाद्यबस्तु उत्पादन तथा आयकर्ता र विक्रेताद्वारा बर्जित गरिएका गर्न नहुने काम तथा त्यस्ता कुनै पनि व्यवसायिक क्रियाकलापको अन्त्य कहिले होला। जनताले हाल खाद्यबस्तुमा प्रताडन पाइरहेका अवस्थामा स्वच्छ खाद्यबस्तु उपभोग गर्न पाउने र निरोगी जीवनयापन गर्न भावी सन्तति पनि बञ्चित हुने ठहराउँदै आएका छन्।

साधारणतया कृषि उपजभित्र पर्ने वनस्पतिजन्य सागसब्जी, फलफूल, गेडागुडी, दुग्धपदार्थ, पशु तथा पशुजन्य पदार्थ र तीबाट उत्पादित खाद्यबस्तुको गुणस्तर शुद्धता र शरीरलाई पोषण दिने तत्व आदि अन्य राष्ट्रहरूको तुलनामा नेपालमा औधि नै कमसल भएको तथ्यहरूमा पाइन्छ। हाम्रो मुलुकमा विभिन्न विषय शिर्षकहरूमा शायद ३६५ दिन नै दिवसहरू मनाउने गरिन्छ होला। ती दिवसहरू के का लागि मनाउने। ती कतिपय दिवसहरूको उपादेयता अर्थात् परोक्ष लाभ सम्बन्धित समूह वा वर्गको भागमा पर्छ।

सरकारमा गएका राजनीतिक दल र सम्बन्धित मन्त्रालयद्वारा अमुक दिवसको मूल्य मान्यता र त्यसको गौरवलाई मध्यनजर राख्दै उद्देश्य र लक्ष्य प्राप्तिको निम्ति अहिलेसम्मका कुन सरकार आत्मसाक्षी बनेका होलान् ?

त्यस्तै एउटा दिवस, जुन हामी प्रत्येक १५ मार्चमा मनाउने गर्दछौं, जुन समग्र राष्ट्र, आमजनतासँग सरोकार राख्दछ, त्यो हो उपभोक्ता दिवस। यस वर्ष अर्थात् २०१६ को विश्व उपभोक्ता अधिकार दिवसको नारा स्वच्छ खाद्यबस्तुको प्रयोग गरौं, स्वच्छ र निरोगी बनौं, भन्ने हो। यो नारा खाद्य सुरक्षासँग सम्बन्धित नारा हो।

अन्य मुलुकको कृषि उतपादकत्व र स्वच्छ पदार्थको बारेमा त त्यति ज्ञान छैन तर नेपालको कृषिसँग सम्बन्धित खाद्ययबस्तु प्रायः ८०/८५ प्रतिशत विषक्त छन् भन्ने भनाइ सम्बद्ध स्रोतले बताउने गरेको पाइन्छ।

बिहान उठेदेखि राती नसुतेञ्जेलसम्म हामीले उपभोग गर्ने प्रायः सबैजसो बस्तुमा विषको अंश भएकै हुन्छ। किसानले उत्पादन गर्ने कृषि उपजमा बाली भित्त्र्याउञ्जेलसम्म रासायनिक मललगायत दशौँ पटकसम्म विभिन्न खाले घातक विषादी प्रयोग गरेका हुन्छन्।

नेपाल सरकारको कृषि अनुसन्धान प्रयोगशालको सर्वेक्षण रिपोर्टअनुसार कृषि उपजमा ८५ देखि ९५ प्रतिशत विषादीको प्रयोग हुने गरेको छ। नेपालमा खाद खाद्यबस्तुको उपभोगमा विषादीको साम्राज्य छाइसकेको छ। कृषि मन्त्रालय छ, विभाग र त्यसअन्तर्गतका जिल्ला जिल्लामा कृषि कार्यालयहरू छन्, तर कुनै निकायबाट कहीँ पनि जनताको स्वास्थ्यमा पर्ने असरबारे वास्ता राखेको पाइँदैन। केवल देखावटी प्रचार मात्र हुने गर्दछ।

कृषिजन्य उपजमा द्रुत गतिको बढ्दो र अनियन्त्रित विषादीको प्रयोग र त्यसले निम्त्याउने दीर्घकालिन विषय परिस्थितिको अन्त्य गर्ने सरकारको हिम्मत पनि छैन न त उद्देश्य नै। बरू लाचारी अभिव्यक्ति दिँदै कृषि विभागकै महानिर्देशकले २०/२५ प्रतिशतसम्म पनि कृषि प्रचारप्रसारको क्षेत्रमा प्रभावकारी ढंगले गर्न नसकेको स्वीकार्ने गरेको पाइन्छ।

मुलुकका कृषक होस् वा विदेशी व्यवसायिक कम्पनी सञ्चालक होस् वा स्वदेशी व्यवसायी वर्गले छोटो समयमा धेरै धन कमाउने उद्देश्यले खाद्य सुरक्षालाई थातीमा राख्दै विषादी प्रयोग गर्ने, खाद्य/अखाद्य तत्व मिसावट गर्ने, रासायनिक घातक तत्व सम्मिश्रण गर्ने गरेको पाइन्छ।

बस्तुको मूल्य पुरै लिने तर उच्च स्तरको भनी कमसलस्तरको बस्तुको मिसावट गरी आर्थिक लाभ लिने धेरै व्यवसायी भएका छन्। त्यसबाहेक खाद्य बस्तुमा धेरै थरीका अखाद्य बस्तुको मिसावट प्रकरणको पनि लामै फेहरिस्त पाइन्छ। जस्तै फलफूललाई अप्राकृतिक ढंगले पकाउन आर्सेनिकल फसफेरस रसायन क्याल्सियम कार्बाइड (जुनद्वारा धातु जडान गरिन्छ) को प्रयोग गरिन्छ। बालबालिकादेखि वृद्धवृद्धा सबैले उपभोग गर्ने फलफूलमा खुलेआम कार्बाइ प्रयोग गर्ने गरेको पाइएता पनि सम्बन्धित प्राविधिक निकायहरूद्वारा अनुसार जीउ, ज्यानलाई खतरा पुऱ्याउने त्यस्ता गर्न नहुने काम गर्नेलाई दण्डसहित लागू गर्न सक्दथ्यो तर गरिदैन।

हाल एकपछि अर्को लगातार आउने चाडपर्वको समय बजारमा पाइने विशेष गरेर पहेंलो र हरियो केरामा काबाई र अन्य घातक रासायनिक पदार्थ मिसावट गरेको सम्बद्ध कार्यालयलाई थाहा नभएको पनि होइन। केरा जस्ता अन्य फलफूलमा मिसावट गरिने घातक विषजन्य रसायन जाँच्ने, दोषी पाइएकालाई मुद्दा दायर गर्ने तथा दण्ड सहित लागू गर्ने सरकारी कार्यालयहरूले कुनै कमी छैन तर सबैजसो निरूत्साहित बन्दै आएका छन् किन ?

नेपाली जनतामा कति हद तक विषादी र मिसावट अखाद्य रसायन पचाउन सक्ने क्षमता होला भन्ने बारेमा यदि कसैले विद्यावारिधी खोज गर्न जरूरी छ। नेपाली उपभोक्ताले उपभोग गर्ने कुन बस्तुमा मिसावट छैन भन्ने यो अहम् प्रश्न खडा भएको छ।

वनस्पतिजन्य बस्तुलाई हलक्क बढाउन, हेर्दा आकर्षक बनाउन किसानले अक्सिटक्सिन जुन प्रसुती वेदनालाई कम गराउन चिकित्सकले प्रयोग गर्ने औषधिदेखि दूधलाई धेरै अवधिसम्म बचाइराख्न भारतबाट ल्याइने महिनौं दिनसम्मको माछामा प्रयोग गरिने तथा मुर्दा घरमा लाशलाई सड्न नदिन प्रयोगमा ल्याइने फर्मालिन नामक औषधी समेत दूधमा पनि प्रयोग गर्ने गरेकाले भारतीय अनुसन्धानकर्ताहरूले त्यस्ता दूधलाई मूर्दे दूधको संज्ञा दिने गरेको स्रोतले बताउँछ। भारतमा जस्तै नेपालका दूधमा फर्मालिन त प्रयोग नगर्ला तर यहाँ पनि दूधलाई धेरै अवधिसम्म बचाएर राख्न काष्टिक सोडा (साबुन बनाउने काममा प्रयोग हुने), स्टार्च रसायन युरिया आदि मिसावट हुने गरेको बताइन्छ।

अहिले चाडपर्वको अवसर छोपि भारतका विभिन्न प्रान्तमा नक्कली खोवा, जुन पाउडर दूध, पाम आयल युरिया तथा अन्य रसायन सम्मिलित गरी प्रचुर मात्रामा उत्पादन गर्ने गरेको पाइन्छ।

नेपाली समाजमा पनि हिजोआज विशेष गरेर चाडपर्वको समय दुग्धजन्य पदार्थ र दूधबाट बनेको मिठाइहरूको उपभोग अत्यधिक रूपमा बढेको पाइन्छ। हाम्रो मुलुकमा सिमाक्षेत्र र अन्य ठुला शहर बजारहरूमा त्यस्ता नक्कली खोवाबाट बनेका अखाद्य तर महँगो मिठाइ बिक्री भइरहे। हेर्दा आकर्षक र खाँदा गुलियो भएकै भरमा जथाभावी त्यस्ता कुनै पनि बस्तु खरिद नगर्न र हतारमा बजार नगर्न सम्पूर्ण उपभोक्ता वर्गसचेत हुनैपर्छ।

नेपालीहरूको विशेष तिहार चाडको बेला आवश्यक पर्ने विभिन्न परिकारका रोटीजन्य खाद्यबस्तु तयार गर्न तेल र घ्यूको आवश्यकता पर्दछ। शुद्ध घ्यूको नाममा प्रशस्त मात्रामा जनावरको प्याकेटमा घ्यू बजारमा छ्याप छ्याप्ती भए, छन्।

बजारबाट त्यस्ता गुणस्तरीय घ्यूलाई जिल्ला अनुगमन समितिद्वारा खाद्य प्रविधि हेर्ने क्षेत्रीय कार्यालयको सहयोगमा हटाइनु पर्ने हो। त्यस्तै आम उपभोक्ताको स्वास्थ्य र सम्पत्तिको रक्षार्थ अनुगमनलाई तीव्र पारी पिठो मिसाइएको खोवाको मिठाइ, आल्मुनियमको तपक चढाएको बर्फी, खाद्य रंग नै भए पनि अधिक रंग प्रयोग गरिएको मिठाइलगायत टेक्सटायल फेक्टीमा प्रयोगमा ल्याइने हाइड्रो रसायन जुन रसवरीको चिनीको चास्नी सफा गर्ने काममा ल्याइन्छ, जस्ता कामहरूलाई निरन्तर बन्देज लगाइनु पर्दछ। यस्ता अखाद्य तथा शरीर स्वास्थ्यलाई हानी नोक्सानी हुने खाद्यबस्तुलाई सरकारका संयन्त्र निकायहरूले चाहेमा नियन्त्रण गर्न सक्दछ, तर फेरि पनि किन नगरेको ?

त्यसैगरी पशु तथा पशुजन्य पदार्थ तथा सामग्रीको स्वच्छताको सम्बन्धमा अनुसन्धान गर्दा बिक्री गरिने मासुजन्य पदार्थ स्वास्थय र शुद्धताको दृष्टिकोणले ९९ प्रतिशत खान अयोग्य ठहराएका थिए। स्वास्थयलाई हानी पुऱ्याउने अस्वस्थ मासुको उपभोगबाट छुटकारा दिलाउन सरोकारवाला सामाजिक संघसस्थाहरूको दबाबमा आवश्यक छ। आधारभूत आवश्यकीय बस्तुको आपूर्ति, चाहे त्यो जुनसुकै समयमा होस्, नेपालको संविधान २०७३ वा उपभोक्ताको हकहित संरक्षण गर्न बनेका त्यतिका ऐन कानूनहरूमा लिपीबद्ध भएका र उपभोक्ताको पहुँचको अधिकारलाई अक्षुण राख्दै उपभोगमा कुनै कमी आउन नदिन सरकार कटिबद्धताको साथ लागि पर्नु पर्ने होइन ?

अस्वस्थ अयोग्य बस्तुको उपभोगको कारण नागरिकको जीउ, ज्यान तथा सम्पत्तिमा हुने हानी नोक्सानीबाट सुरक्षित तुल्याउने काम सरकारकै नितान्त जिम्मेवारीभित्र पर्दछ। यो कुरा सरकारलाई थाहा नभएको होइन केवल कर्तव्यबोध मात्र नभएको हो। आम उपभोक्ताको व्यक्तिगत वा सामूहिक जीवन स्वथवर्द्धक, मर्यादित र खुशीयालीको साथ बाँच्न पाउने अधिकारलाई राज्यले पहिलो प्राथमिकतामा राख्नुपर्दछ।

# नेप्से परिसूचकमा सामान्य सुधार



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार समान्य अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक दुई दशमलव ४१ अङ्कले बढेर दुई हजार ६१६ दशमलव ९७ को बिन्दुमा कायम भएको छ।

३२९ कम्पनीको एक करोड २६ लाख २१ हजार १८८ कित्ता शेयर ५६ हजार ३४८ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब १३ करोड ८६ लाख ४९ हजार ९४६ बराबरको कारोबार भएको छ।

बैङ्किङ शून्य दशमलव २८, विकास बैङ्क शून्य दशमलव ९०, वित्त शून्य दशमलव ५६, लगानी शून्य दशमलव ३७, जीवन बिमा शून्य दशमलव ०७ र अन्य समूह शून्य दशमलव ०८ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ।

होटल तथा पर्यटन शून्य दशमलव ३५, जलविद्युत् शून्य दशमलव २३, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०६, लघुवित्त शून्य दशमलव ०७, म्युचुअल फन्ड शून्य दशमलव ४१, निर्जीवन बिमा शून्य दशमलव २२ र व्यापार समूह शून्य दशमलव ०३ प्रतिशतले घटेको छ।

# भोक नलाग्नु कुनै रोगको संकेत हो ?



आजकल भोक नलाग्नु सामान्य समस्या भएको छ। कहिलेकाहीँ हामी थकान वा व्यस्त तालिकाको नतिजा भनेर यसलाई बेवास्ता गर्छौं।

तर लामो समयसम्म यो समस्या रहिरहनु भनेको शरीरको लागि खतरनाक सङ्केत हुन सक्छ। भोक नलाग्नु शरीरमा असन्तुलन वा समस्याको सङ्केत हुन सक्छ भन्ने विश्वास आयुर्वेद र विज्ञान दुवैले गर्छन्। आयुर्वेदका अनुसार कमजोर पाचन शक्तिका कारण पनि भोक नलाग्न सक्छ।

विज्ञानले हार्मोनल परिवर्तन, तनाव वा रोगले मस्तिष्क र पेटबिचको सङ्केतहरूलाई बाधा पुऱ्याउँछ भन्ने विश्वास गर्छ, जसले गर्दा भोक लाग्दैन।

भोक नलाग्नुको सबैभन्दा सामान्य कारणमध्ये एक पाचनसम्बन्धी समस्या हो। यदि ग्यास, एसीडीटी वा कब्जियत जस्ता समस्याहरू छन् भने शरीरले कम खाना चाहन्छ। आयुर्वेदमा, यसलाई अपच भनिन्छ, जसको अर्थ पाचनले राम्रोसँग काम नगर्दा, खाना खाने इच्छा कम हुन्छ। यसले पेटमा भारीपन वा जलन पनि निम्त्याउँछ।

**बिमारी**

रोगहरू पनि भोक नलाग्नुको प्रमुख कारण हुन्। चिसो लाग्नु, ज्वरो आउनु, भाइरल सङ्क्रमण, पेटको फुल्नु वा सुन्निनु, वा फुड प्वाइजनिङजस्ता अवस्थाहरूले शरीरलाई कमजोर बनाउँछ। यस समयमा, शरीरले ऊर्जा बचत गर्ने प्रयास गर्छ र खाना पचाउन समय खर्च गर्न चाहँदैन, जसले गर्दा भोक कम हुन्छ।

**तनाव**

तनाव र मानसिक स्थितिले पनि भोकलाई असर गर्छ। अत्यधिक चिन्ता, डिप्रेसन, वा उदासीले हर्मोनलाई असर गर्छ।

यो परिवर्तनले मस्तिष्कलाई पेटमा भोकको सङ्केत पठाउनबाट रोक्छ। आयुर्वेदले यसलाई मन-खाद्य असन्तुलनसँग जोड्छ। जब दिमाग अशान्त हुन्छ, शरीरको अग्नि (आगो) कमजोर हुन्छ, र भोक घट्छ।

**औषधिहरू**

केही औषधिहरूले भोकलाई पनि असर गर्छ। उदाहरणका लागि, एन्टिबायोटिक, क्यान्सरको औषधि, दुखाइ निवारक, र एन्टी-डिप्रेसेन्टहरूले शरीरको प्राकृतिक भोकलाई दबाउन सक्छन्। यी औषधिहरूले पेट र मस्तिष्कबिचको हर्मोनल सङ्केतहरूलाई परिवर्तन गर्ने भएकोले कम भोक लाग्छ भनेर विज्ञानले भन्छ।

तपाईँलाई पनि भोक लाग्दैन रु लामो समयसम्म यस्तो समस्या रहिरह्यो भने तौल घट्ने, कमजोरी वा पोषणको कमीको अनुभव गर्नुभएको छ भने तुरुन्तै डाक्टरसँग परामर्श गर्नुहोस्।

# आरएन बिजनेश लिंकद्वारा व्यवसायिक भेटघाट



बुटवल। लुम्बिनी प्रदेशको नमूना सेरामिक उत्पादकआरएन बिजनेश लिंक (आरएनबीएल)ले बुटवलमा डिलर मिट गरेको छ।

लुम्बिनी प्रदेशमा व्यवसाय विस्तार, लगानी प्रवर्द्धन तथा अन्तरदेशीय सहकार्यलाई केन्द्रमा राख्दै आरएनबीएलले एक विशेष व्यवसायिक भेटघाट कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ। कार्यक्रममा उद्योगी, व्यवसायी, वितरक तथा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रमका अध्यक्षका रूपमा भारतको गुजरातस्थित अर्मानो सेरामिकका प्रतिनिधि सनी भाइले नेपालको उत्पादन भारतमा पनि राम्रो बजार पाइरहेको बताए। उनले अर्मानो सेरामिकका उत्पादनहरूको आधिकारिक आपूर्ति, सम्भावित लगानी तथा व्यवसायिक सहकार्यबारे जानकारी गराएका थिए।

लुम्बिनी सेरामिक (ल्यामिनार) का उपाध्यक्ष गौरव बस्नेतले पछिल्लो समय गुणस्तरमा ध्यान दिने ग्राहक हुँदा आफूहरुको उत्पादनले ग्राहकको मन जितिरहेको बताए। आरएनबीएलमार्फत् लुम्बिनी प्रदेशमा व्यवसाय विस्तार गर्ने, वितरण प्रणाली सुदृढ गर्ने तथा आगामी रणनीतिहरू कार्यान्वयन गर्ने विषयमा पनि महत्वपूर्ण छलफल भएको जनाए।

आरएनबीएलका बुटवल शाखा प्रमुख राजन ढकालले व्यवसायीहरुलाई कम्पनीबाट उत्पादित सामग्रीहरुको बारेमा जानकारी गराउने र अनुभव आदानप्रदान गर्नेगरी कार्यक्रम आयोजना गरिएको बताए।

यस अवसरमा लुम्बिनी सेरामिकबाट उत्पादन हुने 'क्रेस्टा' ब्रान्डका सामग्रीहरू ग्राहकसम्म प्रभावकारी रूपमा पुऱ्याउने, समयमै ढुवानी सेवा उपलब्ध गराउने तथा बजार विस्तार गर्ने योजनाबारे जानकारी गराइएको थियो। ल्यामिनारसँगको सहकार्यले आगामी दिनमा व्यवसायलाई थप व्यवस्थित, सशक्त र प्रतिस्पर्धी बनाउने विश्वास व्यक्त गरिएको छ।

कार्यक्रममा नेपाल-भारतबिचको व्यवसायिक सहकार्यलाई अझ मजबुत बनाउने तथा लुम्बिनी प्रदेशमा सिरेमिक उद्योगको विकासमा नयाँ आयाम थप्ने प्रतिबद्धता समेत व्यक्त गरिएको थियो। यस्ता कार्यक्रमहरूले प्रदेशको औद्योगिक तथा व्यापारिक वातावरणलाई थप गतिशील बनाउने अपेक्षा गरिएको कार्यक्रम सञ्चालक एवं आरएनबीएलका म्यानेजिङ डाइरेक्टर राजन न्यौपानेले बताए।

# महिलाको जीवनस्तर उकास्न जरूरी छ : उम्मेदवार खत्री

देवदह। रूपन्देही क्षेत्र नम्बर १ मा कांग्रेसको तर्फदेखि उम्मेदवार बनेका हिराबहादुर खत्रीले महिलालाई घरमै बसेर कमाउन सक्ने बनाउने योजना ल्याउन आवश्यक भएको बताएका छन्। अझै पनि ग्रामीण क्षेत्रका महिलाहरू घरमै बसेर घरको कामकाजमै समय बिताउने गरेको उल्लेख उनले गर्दै घर यसै बसेर समय बिताउने महिलाहरूलाई थोरै भए पनि घरमै बसेर आत्मनिर्भर हुने योजना ल्याउने बताए।

रूपन्देही क्षेत्र नम्बर १ अन्तरगतका दक्षिणी भेगका पालिकाहरूमा सोमबार घरदैलोसँगै सुझाव संकलन तथा संवाद गरेका उम्मेदवार खत्रीले महिलालाई आत्मनिर्भर र आर्थिकोपार्जनमा अब्बल बनाउने गरि योजना बनाएको जनाए।

महिलालाई सीपसँग जोडेर उनीहरूलाई घरमै बसेर पनि आत्मनिर्भर बनाउनु अहिलेको आवश्यकता भएको बताउँदै खत्रीले सानो-सानो सीप र इलम सिकाएर आफ्नो खुट्टामा आफैं उभिन सक्ने बनाउने बताए।

समृद्ध नेपालीका लागि र मुलुकको विकासकालागि पनि पहिले महिलाको जीवनस्तर उकास्न जरूरी रहेको भनाइ राख्दै खत्रीले महिला सशक्तिकण र आत्मनिर्भरताको पक्षमा आफूले सदनमा बहस गर्ने विश्वास व्यक्त गरे। क्षेत्र नम्बर १ का देवदह, तिलोत्तमा, रोहिणी र ओम सतियाका विभिन्न वडामा दैनिक घरदैलो गरेका खत्रीले मतदातासँगको आवश्यकता, सुझाव र जिज्ञासा संकलन गर्दै हिंडेको निर्वाचन परिचालन समिति संयोजक हरि काफ्लेले जानकारी दिए।

घरदैलो कार्यक्रममा सुशासन, विकास निर्माण, कृषिको आधुनिकिकरण, युवालाई रोजगारलगायतका विषयहरूलाई आम मतदाताले उम्मेदवार खत्री समक्ष राखेको संयोजक काफ्लेले बताए।


## Bhumikasthan Municipality
### Office of the Municipal Executive
Nuwakot, Arghakhanchi

## Invitation for Bids

**Invitation for Bids No: 22/BMA/G/MST/2082/083**
**Date of publication: 24th February, 2026 (2082/11/12)**

1. Bhumikasthan Municipality, Office of the Municipal Executive invites Electronic bids from eligible bidders for the procurement and Supply of Mini Tiller and Multi Function Milling Machineunder National competitive bidding – Single Stage Single Envelopeprocedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bhumikasthan Municipality, Office of the Municipal Executive,Arghakhanchi, Email : bhumikasthanmunicipality@gmail.com Mobile number, 9857069981or may visit PPMOegp system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be download for e- submission fromPPMO Web site www.bolpatra.gov.np/egp,. Bidders who Submitting their bid electronically should deposit the Cost NRs. 3000 of bidding document as specified below and Scanned copy ( Pdf format) of the Bank deposit Voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Pravu Bank Ltd.
   Name of Office: Bhumikasthan Municipality
   Office Code no. :801055101
   Account no.: 2587086986800138
   Rajaswa (revenue) Shirshak no. : 14249
4. Pre-bid meeting shall be held at Bhumikasthan Municipality office at 15th March 2026 (2082/12/01)
5. Electronic bids must be submitted to the office before 12.00 noon on 26th March, 2026 (2082.12.12). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1.00 on 26th March, 2026 (2082.12.12) at the office of Bhumikasthan Municipality. Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of 76000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e.23th July, 2026)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.


## साई ग्लोबल कपः
# प्यारामाउण्ट र न्यू होराइजनलाई सफलता

भैरहवा,। प्यारामाउण्ट र न्यू होराइजन कलेज ११औं संस्करणको जिल्लास्तरीय अन्तर कलेज साई ग्लोबल कप टी-२० क्रिकेट प्रतियोगितामा विजयी भएका छन्। सोमबार भएका दुई खेलमा प्यारामाउण्टले रूपन्देही क्याम्पसलाई १ सय १५ रनले पराजित गर्यो। यस्तै, न्यू होराइजनले नविन औद्योगिकलाई १ सय ६१ रनले हराएको छ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको प्यारामाउण्टले ४ विकेट गुमाएर १ सय ६२ रन बनायो। उसका लागि अमन बोहराले अविजित ५५, सन्देश पन्थीले ४८ र देव खनालले १५ रन बनाए। बलिङमा रूपन्देही क्याम्पसका सन्तोष यादव र मनिष थापाले २-२ विकेट हात पारे।

जवाफी ब्याटिङ गरेको रूपन्देही क्याम्पस १० ओभर ५ बलमा अलआउट हुँदै ४७ रनमै समेटियो। उसलाई सस्तैमा रोक्न बलिङमा प्यारामाउण्टका आशुतोष पाण्डे र सागर भण्डारीले ४-४ विकेट लिए। रूपन्देही क्याम्पसका सन्तोष यादवले २३ र जितेन्द्र साहनीले १४ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन्। खेलमा अमन बोहरा प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ पाए।

यस्तै, दोस्रो खेलमा टस हारेर ब्याटिङ गरेको न्यू होराइजनले ६ विकेट गुमाएर २ सय ७ रनको बलियो योगफल खडा गर्यो। उसका लागि विप्रसन केसीले अविजित ६०, आरिफ खाँनले ४८ र अमर मिश्राले २५ रन बनाए। बलिङमा नविन औद्योगिकका अर्जुन तरामु र केशव सुवेदीले २-२ विकेट लिए।

प्रतिउत्तरमा नविन औद्योगिक १२ ओभर २ बलमा अलआउट हुँदै जम्मा ४६ रन मात्रै बनाउन सक्यो। उसका लागि अजयसिंह यादवले १७ रन बनाए पनि अन्यले दोहोरो अंकमा रन बनाउन सकेनन्। बलिङमा न्यू होराइजनका महेश भरले ७ विकेट लिए। उनी प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ हात पारे।

फागुन १४ गतेसम्म चल्ने प्रतियोगितामा जिल्लाका विभिन्न २० वटा कलेजहरूको सहभागिता रहेको खेल संयोजक निरजप्रताप खाँणले बताए। प्रतियोगिताको विजेता टिमले ५५ हजार ५ सय ५५ रुपैयाँ, उपविजेता टीमले नगद २५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन्। यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट ब्याटर र बलरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ पाउने छन्। यस्तै, प्रतियोगिताको अनुशासित टिमलाई पनि सम्मानित गरिने आयोजकले जनाएका छन्।

# एक दर्जन युवा काँग्रेस प्रवेश

स्याङ्जा। स्याङ्जामा विभिन्न राजनैतिक दलसँग आबद्ध युवाहरू नेपाली काँग्रेस पार्टी प्रवेश गरेका छन्। स्याङ्जा सदरमुकामस्थित पुतलीबजार नगरपालिका-१३ लाम्पाटा, तोरिखोलालगायतका क्षेत्रका एक दर्जन युवाहरू काँग्रेस प्रवेश गरेका हुन्।

काँग्रेस प्रवेश गरेका युवाहरूले सबै जोड्ने र सबै अट्ने काँग्रेस अन्य पार्टीको तुलनामा लोकतान्त्रिक पार्टी भएको र पार्टीले अंगिकार गरेको नीतिबाट प्रभावित भएको बताए। पछिल्लो समय देशमा बढ्दै गएको अनैतिक र अराजकताप्रति दुःख व्यक्त गर्दै उनीहरूले काँग्रेस सबैभन्दा जिम्मेवारी पार्टी भएका कारण आफूहरूले काँग्रेस रोजेको सुनाए। काँग्रेस प्रवेश गरेका विशाल वि.क., सुनिल वि.क., अभिशेख वि.क., सुजन सुनार, समिर वि.क., सुमन सुनार, दिवस सुनार चदरालगायतका युवाहरूलाई काँग्रेस स्याङ्जाका सभापति राजु थापा र जिल्ला समन्वय समितिका प्रमुख श्रीप्रसाद जिटीले सदस्यता प्रदान गर्दै स्वागत गरेका थिए।

पार्टी प्रवेश गरेका युवाहरूलाई स्वागत गर्दै स्याङ्जा काँग्रेसका सभापति राजु थापाले लामो समयदेखि अधिकारी प्राप्तीमा समय बिताएको काँग्रेसले पछिल्लो समय आर्थिक विकासमा जोड दिएको जनाए। सभापति थापाले अबका दिनमा काँग्रेसले पढेका र सीप भएका युवाहरूलाई रोजगारी बनाउँदै आर्थिक अभावमा पठनपाठन बिहीन युवायुवतीलाई स्वरोजगार बनाउने बताए।

त्यस अवसरमा जिल्ला समन्वय समितिका सदस्य तथा जनजाति संघका नेता नेमबहादुर राना, नेपाली काँग्रेस स्याङ्जाका सह-सचिव धुर्वबन्धु पौडेल, अर्जुनचौपारी गाउँपालिका-५ का वडाध्यक्ष बद्रिप्रसाद पौडेल, नेपाली काँग्रेस स्याङ्जा क्षेत्र नं.-१, प्रदेश नं. १ का सभापति धुर्वबिक्रम खाँण, कानुन व्यवसायी हरिप्रसाद रेग्मीले काँग्रेस प्रवेश गरेका युवाहरूलाई स्वागत गरेका थिए।

**रास्वपामा...**

त्यस्तै पार्टीका वरिष्ठ नेता तथा रूपन्देही क्षेत्र नम्बर ४ का प्रतिनिधिसभा सदस्य उम्मेदवार सर्वेन्द्रनाथ शुक्लाले मधेश आन्दोलनको बेला राज्यले निर्दोश नागरिकको हत्या गर्दा आफूहरू संयमित भएर आन्दोलन अगाडि बढाएको बताए।

'राज्यको अर्थतन्त्रलाई बचाएनौं भने भोली त्यसको भोगाइमा हामी पनि पर्छौं भन्ने कुरामा जहिले पनि सर्तक छौं।'- उनले भने।

यादवले अन्तर्राष्ट्रिय सम्बन्धको संकट, सामाजिक संकट, नैतिकताको संकट, विश्वासको संकट धेरै संकटले एकैचोटि घेरेको अवस्थामा नेपालरहेको बताएका छन्।

यादवले बहुदलीय व्यवस्थाको स्थापना भएको झण्डै ३५ वर्षमा ३० पटक सरकार फेरबदल हुने र राजनीतिक स्थिरता हुन नसक्दा मुलुकमा आर्थिक विकास, समृद्धि, रोजगारीको सिर्जना र लोक कल्याणकारी राज्यको परिकल्पना गरेर अपेक्षाकृत ढंगले बढ्न नसकेको बताए।

अहिलेको राजनीतिक अस्थिरताको मूल कारण शासकीय स्वरूप रहेको बताउँदै अहिलेको निर्वाचन प्रणाली, यो मिक्स्ड निर्वाचन प्रणाली अत्यन्त महँगो र विकृतमूलक रहेकोले यसलाई बदल्नुपर्ने बताए र मधेशको मुद्दा बोक्ने, आदिवासी जनजाति, महिला, उत्पीडित वर्ग, महिला र राष्ट्रिय समस्यालाई बोक्ने पार्टी जसपा नेपाल नै रहेको पूर्व उपप्रधानमन्त्री यादवको दाबी छ। उनले विगत ३५ वर्ष काँग्रेस-कम्युनिष्टको नेतृत्वमा बनेका सरकारले सरकारले कृषि, शिक्षा, स्वास्थ्य, उद्योगलगायतमा कुनै सुधार गर्न नसकेको बताए।

अहिलेको सरकार संविधानको कुनै धाराबाट बनेको हैन उल्लेख गर्दै उनले प्रश्न गरे संसद बर्खास्तगी कुन धाराबाट भयो ? प्रधानमन्त्री बनेको व्यक्तिलाई धाराले भेट गर्छ कि गर्दैन ? कहीँ संविधान त छैन अहिले त संविधानभन्दा बाहिरको कुरा किन भयो त ? यसैले संविधान डिफेक्टिभ छ भन्ने प्रमाणित भएको छ।'-उनले भने। संविधान त्रुटीपूर्ण भएको समयक्रमसँगै प्रमाणित भएकोले संविधान संशोधन अपरिहार्य रहेको उनले बताए।

त्यस्तै पार्टीका वरिष्ठ नेता तथा रूपन्देही क्षेत्र नम्बर ४ का प्रतिनिधिसभा सदस्य उम्मेदवार सर्वेन्द्रनाथ शुक्लाले मधेश आन्दोलनको बेला राज्यले निर्दोश नागरिकको हत्या गर्दा आफूहरू संयमित भएर आन्दोलन अगाडि बढाएको बताए। 'राज्यको अर्थतन्त्रलाई बचाएनौं भने भोली त्यसको भोगाइमा हामी पनि पर्छौं भन्ने कुरामा जहिले पनि सर्तक छौं।'-उनले भने।


## Madhyabindu Municipality
### Office of Municipal Executive
**Madhyabindu-7, Chormara,**
**Nawalparasi (East of Bardghat Susta)**
Gandaki Province, Nepal

## Invitation for Bid

**Second Date of publication: 12/11/2082 (24/02/2026)**

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Goods and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following works.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified in bid document and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Cost of Bidding Document Nrs | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 21/SQ/MB/GOODS/2082/83 | Procurement of Livestock mechanization equipment for pashu sewa sakha | Sealed Quotation-GOODS | 1000/- | 40,000 | 45 days/ 75 days after bid opening | 2026-03-11 12.00 | 2026-03-11 14.00 |

**Chief Administrative Officer**



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# विकासको योजनासहित चुन्नको घरदैलो



बुटवल। रूपन्देही क्षेत्र नं. २ मा पनि काँग्रेस उम्मेदवार चुन्नप्रसाद शर्मा पौडेलले आफूले अगाडि सारेका विकासका योजनासहित घरदैलो जारी राखेका छन्।

घरदैलो अभियानको सातौं दिन सोमबार बुटवल उप-महानगरपालिका वडा नं. ३ गोलपार्क र तिलोत्तमा नगरपालिका वडा नं. ३ मा आयोजित घरदैलोमा सयौं नेता कार्यकर्ताको सहभागिता भएपछि उम्मेदवारसहित काँग्रेस नेता कार्यकर्ता उत्साहित देखिएका छन्। उम्मेदवार शर्माले घरदैलोका क्रममा बुटवल, तिलोत्तमा र सैनामैनाका मतदाता तथा पार्टीका नेता कार्यकर्ताको सहभागिताले आफूलाई थप उत्साहित बनाएको बताए।

पहिलो पटक चुनावी मैदानमा आएका उद्योगपति शर्मासँग यस क्षेत्रका मतदाता मात्रै नभएर आम नागरिक उत्साहित छन् भने उद्योगी तथा व्यवसायीलाई आफ्नै उम्मेदवार पाएकोमा आफू नै उम्मेदवार भएको जस्तै खुसी देखिएका छन्।

उम्मेदवार शर्माले बुटवललाई आर्थिक केन्द्रसहित आइटी हवको रूपमा विकास गर्ने, लुम्बिनी प्रादेशिक अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिस्ठानको रूपमा विकास गर्ने र आम्दा अस्पताललाई मेडिकल कलेजको रूपमा विकास गर्ने योजना बुनेका छन्। त्यसैगरी तिलोत्तमा, सैनामैलाई आधुनिक शहरको रूपमा विकास गर्ने, मोतीपुरसहितका ग्रामीण क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गर्ने उनको योजना छ। त्यसैगरी आर्थिक तथा औद्योगिक विकाससहित शिक्षा र स्वास्थ्यमा पनि उनले विशेष प्राथमिकतामा राखेका छन्।

उनले कक्षा १२ सम्म निःशुल्क शिक्षा तथा ७० वर्षमाथिका नागरिकलाई निःशुल्क स्वास्थ्य जाँच, खानेपानी, सिँचाइ र डुबान समस्या समाधानमा जोड, कृषि, उद्योग र रोजगारीमा जोड दिँदै एक घर १ रोजगारी अभियान, पूर्वाधार विकास, पर्यटन र सम्पदा संरक्षणअन्तरगत पुरानो बटौलीलाई 'हेरिटेज जोन' घोषणा गर्ने योजना, सामाजिक सुरक्षा र समावेशीतामा प्रतिबद्धता जाहेर गरेका छन्।

नेपाली काँग्रेस रूपन्देही क्षेत्र नं. २ का क्षेत्रीय सभापति तथा निर्वाचन परिचालन मूल समिति संयोजक प्रजापाल गिरीले पनि घरदैलोका क्रममा पार्टीका नेता कार्यकर्ताको उल्लेखनीय सहभागिता र मतदाताले देखाएको सद्भावले उम्मेदवारसहित सिंगो पार्टी पंक्ति उत्साहित भएको बताए।

सोमबार बुटवल उप-महानगरपालिका वडा नं. ३ को गोलपार्क, चिडियाखोलालगायतका ठाउँ र तिलोत्तमा-३ मा भएको घरदैलोमा उम्मेदवारचुन्नशर्मापौडेल, समानुपातिक उम्मेदवार रीता सेन ओलीलगायत पार्टीका नेता कार्यकर्ता टोल-टोल र घरदैलोमा पुगेर मत मागेका थिए।

बुटवल उपमहानगरपालिका वडा नं. ९ का दर्जनबढी युवाहरू विभिन्न पार्टी परित्याग गरि नेपाली काँग्रेसमा प्रवेश गरेका छन्। बदललिएको नेपाली काँग्रेसमा केही आशा र भविश्य समेत देखेर आफूहरू तरूणदल मार्फत नेपाली काँग्रेसमा प्रवेश गरेको उनीहरूले बताए। आसन्न प्रतिनिधिसभा निर्वाचनमा नेपाली काँग्रेसका उम्मेदवार चुन्नप्रसाद शर्मा पौडेललाई विजयी गराउने अभियानसहित नेपाली काँग्रेसमा प्रवेश गरेको पनि उनीहरूको भनाइ छ।

नेपाल तरूण दल वडा समितिको आयोजनामा भएको कार्यक्रममा नेपाल तरूण दलका पूर्वकेन्द्रीय सचिव चिरञ्जिवी जोशी, नेता जनक कोइरालाले उनीहरूलाई पार्टी प्रवेश गराएका हुन्।

नेपाल तरूण दल वडा समितिका सभापति शिव भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै तरूण दलका पूर्व केन्द्रीय सचिव चिरञ्जिवी जोशी, नेता जनक कोइराला, नेपाली काँग्रेस लुम्बिनी प्रदेश सदस्य इञ्जिनीयर कुशुमराज ज्ञवाली, तरूण दल बुटवल नगर सभापति सुजन पुन, नेपाली काँग्रेस बुटवल ९ का सभापति प्रदिप श्रेष्ठ, आशिष भण्डारीलगायतले नेपाली काँग्रेसमा युवाहरूको आकर्षणले रूपन्देही २ सहित देशभर काँग्रेसको पक्षमा माहोल राम्रो बनाएको बताएका थिए।

# यस्ता छन् पाल्पा २ मा पाण्डेयका २५ बूँदे प्रतिबद्धता




**कृष्ण पोखरेल**

*पाल्पा*

नेपाली कम्युनिष्ट पार्टीका पाल्पा निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार सोमप्रसाद पाण्डेयले आफ्नो ५ वर्षे कार्यकालका लागि २५ बूँदे विशेष प्रतिबद्धता पत्र सार्वजनिक गरेका छन्। तानसेनमा आयोजित एक पत्रकार सम्मेलनमा उम्मेदवार पाण्डेयले पाल्पाको ऐतिहासिक विरासत जोगाउँदै समृद्धिको मार्गचित्र प्रस्तुत गरेका छन्। उम्मेदवार पाण्डेयले तानसेनलाई ऐतिहासिक र पर्यटकीय आकर्षणको केन्द्र बनाउनुका साथै शिक्षा, स्वास्थ्य र कृषिमार्फत् रोजगारी सिर्जना गर्ने मुख्य लक्ष्य राखेको प्रतिबद्धतापत्रमा जनाएका छ।

उम्मेदवार पाण्डेयको प्रतिबद्धतामा तानसेनलाई मौलिक शैली तेलिय इट्टाको प्रयोग गरी सुन्दर शहर बनाउने र काठमाडौंपछिको प्रमुख बुद्धमार्गी क्षेत्रका रूपमा विकास गर्ने उल्लेख छ। उम्मेदवार पाण्डेले सिद्धबाबा- तानसेन -भैरवस्थान- रानीमहल- राम्दी जोडेर एकीकृत धार्मिक तथा सांस्कृतिक पर्यटन सर्किट निर्माण गर्ने योजना अघि सारेका छन्। पाल्पाको पहिचानका रूपमा रहेको मगर संस्कृतिलाई विश्वमा चिनाउन 'मगर सङ्ग्रहालय' र 'मगर गाउँ' स्थापना गर्ने उनको प्रतिबद्धतापत्रमा संकल्प गरेका छन्।

उम्मेदवार पाण्डेले शिक्षा क्षेत्रको विकासका लागि त्रिभुवन बहुमुखी क्याम्पसलाई शैक्षिक अनुसन्धान केन्द्र बनाउने र तानसेनलाई आवासीय शैक्षिक हबका रूपमा विकास गर्ने उल्लेख गरेका छन्। स्वास्थ्यतर्फ पाल्पा अस्पतालको स्तरोन्नति र युनाइटेड मिसन अस्पताललाई अन्तर्राष्ट्रियस्तरको मेडिकल रिसर्च सेन्टर बनाउने योजना पाण्डेयले अघि सारेका छन्।

यातायात सहज बनाउन सिद्धार्थ राजमार्गको बुटवल- तानसेन- राम्दी खण्डलाई ३ वर्षभित्र स्तरोन्नति गर्ने र हार्थोक-छहरा मोटरबाटो २ वर्षभित्र कालोपत्रे गर्ने, तानसेनमा ३५०० सिट क्षमताको अन्तर्राष्ट्रियस्तरको 'स्मार्ट सभाहल' निर्माण गरी 'इभेन्ट टुरिज्म'को प्रवर्द्धन गर्ने प्रतिबद्धतापत्रमा पाण्डेले उल्लेख गरेका छन्।

बढ्दो बसाईंसराइ रोक्न पाण्डेयले स्थानीय उत्पादनमा वृद्धि गर्न, सुन्तला, कफी, अदुवा, र एभोकाडोका लागि पकेट क्षेत्र घोषणा गर्ने तथा बाँझो जमिन सदुपयोग गरी युवाहरूलाई स्वरोजगार बनाउने प्रतिबद्धतापत्रमा जनाएका छन्। साथै, किसानहरूका लागि वन्यजन्तुबाट हुने क्षति रोकथाम गर्न कानुन निर्माण र क्षतिपूर्तिको पहल गर्ने उनले बताएका छन्। साथै उम्मेदवार पाण्डेले :एङ्गलो-नेपाल वार नेपाल अग्रेज युद्ध पार्क निर्माण देखी नेवारी घर निर्माण देखी 'टक्सार टोललाई लिभिङ म्युजियमको स्थापना गर्ने, ५ वर्षभित्र पाल्पामा शिक्षा, स्वास्थ्य र खानेपानीको शतप्रतिशत पहुँच पुऱ्याउने र सिद्धार्थ राजमार्गको चिडायाखोलादेखि राम्दीसम्मको दुवैतर्फ वृक्षारोपण र फल्चाहरू निर्माण गरी सौन्दर्यकरण गर्ने पत्रकार सम्मेलनमा पाण्डेले प्रतिबद्धतापत्र सार्वजनिक गरे। आफू पाल्पाली जनताको खुला किताब भएको, सबैको साझा उम्मेदवार दाबी गर्दै फागुन २१ गते हुने निर्वाचनमा तारामा मतदान गरी विजय बनाउन पाल्पाली जनतासँग अपिल उनले गरेका छन्।

# सुशिलका प्राथमिकता : सुशासन र विकास

भैरहवा। आसन्न प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै जाँदा मतदातालाई आफ्नो पक्षमा पार्नको लागि उम्मेदवार र दलका नेताहरूको दौडधुप चलिरहेको छ। सुशासन र विकासलाई विशेष प्राथमिकता दिएका नेपाली काँग्रेसको तर्फबाट रूपन्देही ३ का उम्मेदवार सुशिल गुरूङ पनि आफ्ना विकास योजना मतदाताको विचमा राख्ने र मत माग्ने काममा व्यस्त छन्।

उनले "राम्रुन्त नेपाल, सम्मानित नेपाली" भन्ने नारासहित पूर्वाधार विकास, रोजगारी सिर्जना, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन तथा सुशासनलाई मुख्य प्राथमिकतामा राखेका छन्। गुरूङले भैरहवामा निर्माण सम्पन्न भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा नियमित सञ्चालनमा ल्याउन पहल गर्ने प्रतिबद्धता जनाएका छन्। साथै, लुम्बिनी क्षेत्रको समग्र विकासलाई केन्द्रमा राख्दै पर्यटनमैत्री पूर्वाधार निर्माण, सीमा नाका व्यवस्थापन तथा विशेष आर्थिक क्षेत्र (सेज) लाई प्रभावकारी बनाउने योजना अघि सारेका छन्।

सिद्धार्थनगर नगरपालिकाको फोहोर व्यवस्थापन, अव्यवस्थित पार्किङ् समस्या समाधान, अधुरा पूर्वाधार आयोजना सम्पन्न गर्ने तथा औद्योगिक क्षेत्रको विस्तारमार्फत् रोजगारीका अवसर सिर्जना गर्ने उनको योजना छ। स्थानीय उत्पादनको बजारीकरण, आधुनिक कृषि बजार स्थापना, सिँचाइको व्यवस्था र किसानलाई उन्नत बिउ-मल सहज उपलब्ध गराउने पनि प्रतिबद्धता गरेका छन्।

शिक्षातर्फ विद्यालयहरूमा प्राविधिक शिक्षा विस्तार गरी युवालाई सीपयुक्त बनाउने, प्रत्येक पालिकामा नमूना विद्यालय स्थापना गर्ने तथा सरकारी प्राविधिक इन्स्टिच्युट निर्माण गर्ने योजना अघि सारिएको छ। युवालाई उद्यमशीलता विकासका लागि स्टार्टअप फन्ड सञ्चालन, वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीप उपयोग गर्ने कार्यक्रमसमेत समावेश गरिएको छ। धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन, लुम्बिनीलाई अन्तर्राष्ट्रिय धार्मिक-पर्यटकीय केन्द्रका रूपमा विकास गर्ने तथा खेलकुद पूर्वाधार निर्माणमार्फत् राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने लक्ष्य पनि गुरूङले राखेका छन्।

त्यस्तै, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक तथा पछाडि परेका समुदायको अधिकार सुनिश्चित गर्दै समावेशी विकासलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरेका छन्। सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणलाई विशेष जोड दिँदै जनताका आवाजलाई प्रतिनिधिसभामा प्रभावकारी रूपमा उठाउने उनले बताएका छन्।

गुरूङले क्षेत्रको अव्यवस्थित बसोबास तथा सुकुम्बासी समस्या समाधान, सडक स्तरोन्नति, खानेपानी विस्तार, रिङरोड निर्माण तथा सामाजिक पूर्वाधार सुदृढीकरणमा विशेष पहल गर्ने प्रतिबद्धता जनाएका छन्। समग्रमा विकास, रोजगारी, सुशासन र समावेशी नीतिलाई आधार बनाएर अगाडि बढेका काँग्रेस उम्मेदवार गुरूङ मतदाताले दिएको न्याँनो मायाले उत्साहित बनेका छन्।

## Binayi Tribeni Rural Municipality
### Office of The Rural Municipal Executive
**Dumkibas, Nawalparasi (East of BardaghatSusta)**
**Gandaki Province, Nepal**

## Invitation For Online Bids

Date of publication: 2082/11/12, (24th Feb, 2026)

1.Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following goods under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 27/BTRM/ NCB/Goods/ 2082-083 | Procurement of Turmeric Rhizomes (बेसारको बिउ) | 3000000.00 | 90000.00 | 3000.00 | 2082/12/12 (26th, Mar, 2026) Before 12:00 | 90 Days | 2082/11/29 (13th, Mar, 2026) at 1:00 PM | 2082/12/12 (26th, Mar, 2026)After 1:00 | |
| 2 | 28/BTRM/ NCB/Goods/ 2082-083 | Procurement of Tractor and its accessories | 5985000.00 | 180000.00 | 3000.00 | 2082/12/12 (26th, Mar, 2026) Before 12:00 | 90 Days | 2082/11/29 (3th, Mar, 2026) at 1:00 PM | 2082/12/12 (26th, Mar, 2026) After 1:00 | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## आकर्षक डिजाइन तथा छपाई

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

## आइडिया
### डिजाइनर्स/अफसेट प्रेस

**सम्पर्क:**
**बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)**
**यातायात मजदूर संघको भवनमा**
**फोन:-०७१-५५०२९३ मो.**
**९८५७०३५३८०,९८४७१२३९५७**
E-mail:ideapressbtl@gmail.com

## मध्यविन्दु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (ब.सु.प.)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मितिः २०८२/११/१२**

यस कार्यालयबाट मिति २०८२/०९/०४ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार मध्यविन्दु नगरपालिकाको उपरोक्त खरिद कार्य गर्न रीतपूर्वक पेश हुन आएका बोलपत्रहरू खोली मूल्यांकन समितिले मूल्यांकन गर्दा उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

| क्र.स. | बोलपत्र नं. र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.आ.कर समेत) | कैफियत |
|---|---|---|---|---|
| १ | 09/NCB/MB/GOODS/2082/083, Procurement of Medical equipments for municipal hospital of Madhyabindu municipality . | Google surgical and suppliers, Janakpur r10, Dhanusha | 13,90,000.70 | |

**प्रमुख प्रशासकीय अधिकृत**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com